# UN Formed Police Unit (FPU) छनौट (पहिलो संशोधन) मापदण्ड, २०७७

# UN Formed Police Unit (FPU)
# छनौट (पहिलो संशोधन) मापदण्ड, २०७७

जारी मिति : २०७७/०६/०४

**प्रस्तावना :-** नेपाल प्रहरीमा UN Formed Police Unit (FPU) छनौट मापदण्ड, २०७७ लाई संशोधन गरी संयुक्त राष्ट्र संघको अनुरोधमा शान्ति स्थापनाको लागि विभिन्न मिसनहरुमा नेपाल प्रहरी कर्मचारीहरुलाई खटाई पठाउन छनौट प्रकृयालाई व्यवस्थित गरी निष्पक्ष, पारदर्शी, एवं प्रभावकारी बनाउन बाञ्छनीय भएकोले प्रहरी प्रधान कार्यालयको सिफारिसमा गृह मन्त्रालयबाट यो संशोधित मापदण्ड जारी गरी लागू गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

(१) **संक्षिप्त नाम, विस्तार र प्रारम्भ:** (१) यो मापदण्डको नाम UN Formed Police Unit (FPU) छनौट (पहिलो संशोधन) मापदण्ड २०७७ रहेको छ ।

(२) यो मापदण्ड नेपाल सरकार गृह मन्त्रालयबाट स्वीकृत भएको मिति देखि नेपाल प्रहरीका प्रहरी कर्मचारीको हकमा लागू हुनेछ ।

(२) **परिभाषा:-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा:,

(क) "UN" भन्नाले संयुक्त राष्ट्र संघ सम्झनु पर्छ ।

(ख) "FPU" भन्नाले Formed Police Unit अर्थात् संयुक्त राष्ट्र संघ अन्तर्गत प्रहरी ईकाई सम्झनु पर्छ ।

(ग) "FPU Contingent" भन्नाले Formed Police Unit (FPU) मा खटिने नेपाल प्रहरी संगठनको समूह वा टुकडीलाई जनाउँछ । Contingent मात्र भन्ने शब्दले FPU Contingent समेतलाई जनाउँछ ।

(घ) "FPU Contingent Commander" भन्नाले मापदण्डको दफा २ को देहाय (ग) बमोजिम रहने FPU Contingent को प्रमुख भई खटिने नेपाल प्रहरीको अधिकृतलाई सम्झनु पर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस मापदण्ड तथा प्रहरी सम्बन्धी प्रचलित कानूनमा तोकिएको प्राबधानलाई जनाउँछ ।

(च) "प्रहरी कर्मचारी" भन्नाले नेपाल प्रहरीका अधिकृत, जवान र प्रहरी कार्यालय सहयोगी समेत सम्झनु पर्छ ।

(छ) "जेष्ठता" भन्नाले नेपाल प्रहरी कर्मचारीको हालको दर्जामा पदोन्नति वा नियुक्ति भए अनुसारको जेष्ठतालाई सम्झनु पर्छ । तर एउटै मितिमा पदोन्नति भएकाहरुको हकमा नियुक्ति वा पदोन्नति हुँदाको केन्द्रीय जेष्ठता सूची अनुसारको जेष्ठताक्रमलाई मान्नु पर्नेछ ।

(ज) "Contingent Owned Equipment (COE)" भन्नाले FPU Contingent ले प्रयोग गर्ने Major Equipments (ME) र Self Sustainable (SS) सामग्रीहरूलाई जनाउँदछ ।

(झ) "FPAT" भन्नाले FPU मिसनको छनौटको क्रममा संयुक्त राष्ट्र संघ वा सो अन्तर्गत तोकिएको मिसनवाट खटिइ आएका प्रतिनिधिले लिने परिक्षालाई सम्झनु पर्छ ।

(ञ) "विभाग" भन्नाले प्रहरी प्रधान कार्यालय यूनाईटेड नेशन महाशाखा रहने विभागलाई सम्झनु पर्छ ।

## परिच्छेद – २

## Contingent को गठन, नियन्त्रण र सेवा सुविधा

३ **Contingent को गठन, नियन्त्रण र सेवा सुविधा:** (१) Contingent को गठन यस मापदण्डमा लेखिए बमोजिम अनुसूची १ अनुसार हुनेछ ।

(२) Contingent मा खटिने प्रहरी कर्मचारीको रेखदेख, नियन्त्रण र निर्देशन गर्ने अधिकार प्रहरी प्रधान कार्यालयलाई रहनेछ ।

(३) मिसनमा खटिने प्रहरी कर्मचारीले पाउने सेवा र सुविधा नेपाल सरकार र संयुक्त राष्ट्र संघबीच भएको सहमति बमोजिम हुनेछ ।

४. **FPU Contingent Commander को काम, कर्तव्य र अधिकार:**

(१) मिसन अवधिमा कसैप्रति कुनै किसिमको भेदभाव, द्वेष, रिस नराखी वा कुनै किसिमको प्रभावमा नपरी संयुक्त राष्ट्र संघबाट निर्देशित नीति, नियम, United Nations Formed Police Unit Standard Operation Procedures (UNFPU SOP), UN FPU Guidelines and Policy तथा प्रचलित प्रहरी ऐन, नियम तथा अन्य कानुन बमोजिम तोकिएको जिम्मेवारी एवं कर्तव्य पालना गर्नु पर्नेछ ।

(२) विभागीय नीति निर्देशनहरु सम्पूर्ण प्रहरी कर्मचारीहरुलाई जानकारी गराई गुनासो पिरमर्का सुनी समाधान गर्न आवश्यक पहल गर्नु पर्नेछ ।

(३) अनुशासनहीन काम कारबाही गर्ने कर्मचारी उपर कारवाही लगायत Repatriation को लागि प्रहरी प्रधान कार्यालय, यू.एन.महाशाखामा लेखी पठाउनु पर्नेछ ।

(४) प्रहरी नियमावली बमोजिम मिसनमा खटिएका प्रहरी कर्मचारीहरुको वार्षिक मुल्याङ्कन गरी फारमा भरी पठाउनु पर्नेछ ।

(५) Contingent मा रहेका COE का सामानहरूको संरक्षण, सम्बर्द्धन तथा निरीक्षण गराई सो को प्रतिवेदन प्रहरी महानिरीक्षक समक्ष पेश गर्ने प्रयोजनार्थ प्रहरी प्रधान कार्यालय कल्याण महाशाखा (COE Section) मा पठाउनु पर्नेछ ।

(६) Contingent मा रहेका COE का सामानहरूको आम्दानी तथा खर्चको साथै मौज्दातको विवरण सहित फाँटवारी तयार गरी मासिक रुपमा प्रहरी प्रधान कार्यालय कल्याण महाशाखामा पठाउनु पर्नेछ ।

(७) कार्यकाल समाप्त भइ स्वदेश फिर्ता भए पश्चात प्रहरी प्रधान कार्यालय, यू.एन.महाशाखा र कल्याण महाशाखामा प्रतिवेदन बुझाउनु पर्नेछ ।

५. **Contingent Commander को जिम्मेवारी हस्तान्तरण हुने अवस्था:** (१) Contingent Commander को जिम्मेवारी देहायका अवस्थामा हस्तान्तरण हुनेछ:

(क) बिरामी भई काम गर्न नसकेमा,

(ख) बिदा वा मिसन एरिया बाहिर रहेको अवस्थामा,

(ग) कारबाहीमा परी काम नगर्नु भनि तोकिएको अवस्थामा,

(२) उपदफा (१) को उल्लेखित अवस्थामा Contingent Commander ले निज भन्दा मुनिको जेष्ठ अधिकृतलाई Contingent Commander को जिम्मेवारी हस्तान्तरण गर्नु पर्नेछ र सो को जानकारी नेपाल प्रहरी संगठनलाई दिनुपर्नेछ।

(३) Contingent Commander को अनुपस्थितिमा गरेको सम्पूर्ण काम कारबाहीको जानकारी दिने दायित्व निज जेष्ठ अधिकृतको हुनेछ।

६. **समितिको गठन:** FPU छनौट परीक्षा सञ्चालन गर्नको लागि देहाय बमोजिमका सदस्य रहने गरी देहाय बमोजिमको परीक्षा सिफारिस समिति गठन गरिनेछ :

**(क) सिफारीस समिति**

| | |
|---|---|
| प्र.प्र.का.सम्बन्धित विभाग प्रमुख | - अध्यक्ष |
| प्र.म.नि.को सचिवालय, प्र.ब.उ | - सदस्य |
| प्र.प्र.का.कार्य/ अ.अ. विभाग, प्र.ब.उ. | - सदस्य |
| प्र.प्र.का.मानबश्रोत एवं प्रशासन विभाग, प्र.ब.उ. | - सदस्य |
| गृह मन्त्रालय, रा.प द्वितिय श्रेणी (उपसचिव) | - सदस्य |
| यू.एन.महाशाखा, प्रमुख | - सदस्य सचिव |

**(ख) शारीरिक सुगठन परीक्षण समिति**

| | |
|---|---|
| रा.प्र.प्र.प्र. महाराजगंज, प्र.ब.उ. | -अध्यक्ष |
| प्र.प्र.का.मानबश्रोत एवं प्रशासन विभाग, भर्ना छनौट महाशाखा सि.प्र.अ. प्रतिनिधि | -सदस्य |
| नेपाल प्रहरी अस्पताल, चिकित्सक प्रतिनिधि | -सदस्य |
| गृह मन्त्रालय, रा.प.तृतीय श्रेणी (शाखा अधिकृत) | -सदस्य |
| यू.एन.महाशाखा, सि.प्र.अ. प्रतिनिधि | -सदस्य सचिव |

**(ग) स्वाथ्य परीक्षण समिति**

| | |
|---|---|
| नेपाल प्रहरी अस्पताल, चिकित्सक (प्र.ब.उ.) | - अध्यक्ष |
| नेपाल प्रहरी अस्पताल, चिकित्सक २ जना प्रतिनिधि | - सदस्य |
| गृह मन्त्रालय, रा.प.तृतीय श्रेणी (शाखा अधिकृत) | - सदस्य |
| नेपाल प्रहरी अस्पताल, प्रशासन सि.प्र.अ. प्रतिनिधि | - सदस्य सचिव |

**(घ) प्रहरी कार्यालय सहयोगी सिफारिस समिति**

| | |
|---|---|
| प्र.प्र.का.मानबश्रोत एवं प्रशासन विभाग, प्र.ब.उ. | - अध्यक्ष |
| प्र.प्र.का.कार्य/ अ.अ. विभाग, प्र.उ. | - सदस्य |
| गृह मन्त्रालय, रा.प.तृतीय श्रेणी (शाखा अधिकृत) | - सदस्य |
| यू.एन.महाशाखा, प्र.उ. | - सदस्य सचिव |

**७. योग्यता तथा आधारहरू:** FPU Contingent मा छनौट हुन आवश्यक पर्ने न्युनतम योग्यता तथा आधारहरू देहाय बमोजिम हुनेछ:

**(१) योग्यताहरू :**

(क) छनौटमा सहभागी हुने प्रहरी कर्मचारीहरुको उमेर २५ वर्ष पूरा भई नोकरी अवधि ७ वर्ष पुगेको मानसिक, शारीरिक रुपमा तन्दुरुस्त हुनु पर्नेछ।

(ख) छनौट हुने मितिसम्ममा प्रहरी उपरीक्षक देखि प्रहरी कार्यालय सहयोगीसम्मको नोकरी अवधि २ बर्ष बाँकी भएको हुनुपर्नेछ।

(ग) बढुवा भएको १ वर्ष पूरा नभएका कुनै पनि प्रहरी कर्मचारीलाई छनौट गरिने छैन।

(घ) जुनसुकै कारबाहीको अवधिभर वा अवधि नतोकिएको कारबाही भएको भए कारबाही भएको मितिले १ वर्षसम्म छनौट गरिने छैन।

(ङ) हालको पदको जेष्ठता सहित खाईपाई आएको सुरु स्केलमा वा तल्लो पदमा घटुवा भएको मितिले चार वर्ष पुगेको र बर्खास्त भई पुनर्वहाली भएको हकमा ५ वर्ष पछि मात्र UN FPU मा छनौट हुन पाउनेछन।

(च) कुनै प्रहरी कर्मचारी प्रहरी सेवामा पुन: नियुक्ति भएमा प्रहरी नियमावली, २०७१ को नियम १८२ को (क) बमोजिम पुन: नियुक्ति भई आएको मितिबाट जेष्ठता कायम गरिने छ।

(छ) एकै दर्जामा दुई वा सो भन्दा बढी पटक विभागीय कारवाही भएमा सोही दर्जामा छनौट गरिने छैन।

(ज) पद अनुसारको आधारभूत तालिम गरेको हुनु पर्नेछ। साथै प्राविधिक तर्फ छनौट हुने प्रहरी कर्मचारीहरूले सम्बन्धित विषयमा तालिम हासिल गरी सो को प्रमाण पत्र समेत प्राप्त गरेको हुनु पर्नेछ।

(झ) UNSAAT परीक्षा उत्तीर्ण भएका प्रहरी कर्मचारीहरू UNSAAT परीक्षाको Validity कायम हुँदासम्म छनौट गरिने छैन।

(ञ) Contingent commander बाहेक अन्य प्रहरी कर्मचारीहरू नोकरी अवधीभर कुनै पनि यु.एन मिसन(FPU/IPO) मा सहभागी नभएको प्र.क. हरू मात्र FPU छनौटमा सहभागी हुन पाउने छन्।[१]

(ट) प्राविधिक प्रहरी कर्मचारीहरुको हकमा नोकरी अवधि ७ वर्ष पूरा भएको प्रहरी कर्मचारी उपलब्ध हुन नसकेमा सोही प्राविधिक समूहबाट २५ वर्ष उमेर नाघेको मध्येबाट प्रहरी सेवामा जेष्ठतालाई क्रमशः ग्राह्यता दिई छनौट गरिनेछ।

(ठ) सवारी चालकको हकमा Heavy वा Light सवारी चालक अनुमति प्रमाणपत्र प्राप्त गरेको ५ वर्ष पूरा भई कम्तिमा ३ वर्षदेखि निरन्तर रुपमा सवारी साधन चलाइरहेको भनि सम्बन्धित कार्यालयको सिफारिस हुनु पर्नेछ। तर चालक अनुमति प्रमाणपत्र प्राप्त गरेको ५ वर्ष पूरा भएको प्रहरी कर्मचारी उपलब्ध नभएको खण्डमा चालक अनुमती प्रमाणपत्र प्राप्त गरेको ४ वर्ष अवधि पुगेका प्रहरी कर्मचारीहरुलाई मनोनयन गर्न बाधा पुग्ने छैन।

(ड) ठूलो सवारी चालकको रुपमा छनौट हुने प्रहरी कर्मचारीको हकमा ४५ वर्ष उमेर ननाघेको हुनु पर्नेछ।

---

[१] मिति २०७७/०६/०४ गतेको सचिवस्तरीय निर्णयबाट संसोधित

(ढ) प्राविधिक गुल्म, छापाखाना, श्रव्यदृष्य, जनसम्पर्क, फोटोग्राफी, नेपाल प्रहरी केनाईन महाशाखा, विधिविज्ञान र नेपाल प्रहरी अस्पताल (चिकित्सक, स्टाफ नर्स र प्यारामेडिक्स बाहेक) सुरुमा प्रशासनतर्फ भर्ना भएका प्रहरी जवानदेखि प्रहरी नायव निरीक्षक दर्जाका प्राविधिक प्रहरी कर्मचारीहरुलाई जेष्ठताको आधारमा प्रशासन तर्फको FPU छनौंटमा सहभागी गराइनेछ ।

(ण) FPU मा छनौट भई तालिमरत रहेको एवं FPU मा कार्यरत रहेको अवस्थामा Pre-SAAT परीक्षामा सहभागी हुन पाउने छैन ।

**(२) छनौटका आधारहरू:**

(क) सबै पदमा जेष्ठतालाई आधार मानिने छ र जेष्ठताको सूची प्रहरी प्रधान कार्यालय कर्मचारी प्रशासन शाखामा रहेको अभिलेख बमोजिम हुनेछ ।

(ख) छनौट भएका प्रहरी कर्मचारीहरुलाई प्रशिक्षणमा सामेल गरिनु पूर्व निजहरूको मानसिक अबस्था तथा स्वास्थ्य परीक्षण र शारीरिक सुगठनका परीक्षण गरिने छ ।

(ग) दफा ६ को खण्ड ख बमोजिमको परीक्षामा कुनै पनि उम्मेदवार असफल भएमा निजको स्थानमा वरिष्ठताकै आधारमा समान पदको दोस्रो वरियताको प्रहरी कर्मचारी छनौट हुने छ ।

(घ) दफा ७ को उपदफा २ (ख) बमोजिम लिईने शारीरिक सुगठन परीक्षा, मानसिक तथा स्वास्थ परीक्षण लागि दफा ६ को (ख) र (ग) बमोजिम गठित समितीले गर्ने छ ।

(ङ) छनौटमा सहभागी हुने प्रहरी जवानको हकमा जेष्ठता कायम गर्दा प्रहरी प्रधान कार्यालय कर्मचारी प्रशासन शाखाको जेष्ठतालाई आधार बनाई छनौट गरिनेछ ।

(च) प्रहरी कार्यालय सहयोगीको हकमा जेष्ठ तथा दक्ष भई शारीरिक र मानसिक रुपले स्वस्थ्य, ५० वर्ष ननाघेका मध्ये खाना पकाउने ५ जना र १ जना हजामलाई दफा ६ को (घ) बमोजिम गठित समितिले प्रयोगात्मक परीक्षा लिई छनौट गर्ने छ ।

(छ) सूचीकारको हकमा सूचीकारको रुपमा कार्य गरी रहेका जेष्ठ (भर्ना मितिको आधारमा) ५० वर्ष उमेर ननाघेका प्रहरी कार्यालय सहयोगीदेखि प्रहरी नायव निरीक्षक दर्जा सम्मका, दक्ष, मानसिक र शारीरिक रुपले स्वस्थ्य १ जना प्रहरी कर्मचारीको छनौट गरिनेछ ।

३. उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रहरी नायब निरीक्षक देखि माथिका प्रहरी कर्मचारीहरूको छनौट देहाय बमोजिम हुनेछ:

(क) FPU Contingent प्रमुखको रुपमा खटिने प्रहरी उपरीक्षक (Contingent Commander) को हकमा छनौट हुनको लागि बढुवा भएको १ (एक) वर्ष पूरा भएको हुनु पर्नेछ, त्यस्ता प्रहरी उपरीक्षकहरु उपलव्ध नभएमा सो अवधि नपुगेका प्रहरी उपरीक्षकबाट Contingent Commander छनौट गर्न सकिनेछ र Contingent Commander मा छनौट हुने प्रहरी कर्मचारी कम्तिमा एकपटक Individual Police Officers (IPOs) को रुपमा मिसन गएको वा FPU गएको भए FPU मा रहँदा Command Officer (Logistic/Liaison/ Operation/Administration) मा काम गरेको हुनु पर्नेछ । Contingent प्रमुखको रुपमा खटिने प्रहरी उपरीक्षक को छनौट इच्छुक, कार्य क्षमता, तालिम, सीप र अनुभवलाई मध्यनजर राखी प्रहरी महानिरीक्षकबाट गरिनेछ ।

(ख) FPU Contingent मा खटिने प्रशासन तर्फका प्रहरी नायब उपरीक्षक मध्ये एक जना प्र.ना.उ. यु.एन. मिसन (IPO/FPU) मा सहभागी भई स्वदेश फिर्ता भएको कम्तिमा ३ (तीन) बर्ष पुरा भई कार्य दक्षता र कार्य क्षमताको आधारमा र अर्को १ जना एक पटक पनि मिसन नगएका प्रहरी नायब उपरीक्षक मध्येबाट सो दर्जाको जेष्ठता ( सिनियारीटी) अनुसार प्रहरी महानिरीक्षकबाट छनौट गरिनेछ।[२]

(ग) FPU Contingent मा खटिने प्रशासन तर्फका प्रहरी निरीक्षक मध्ये Logistic/Liaison तर्फ १ जना प्रहरी निरीक्षक मिसन (IPO/FPO) मा सहभागी भई स्वदेश फिर्ता भएको कम्तिमा २ (दुई) बर्ष पुरा भई कार्य दक्षता र कार्य क्षमताको आधारमा ज्येष्ठतालाई प्राथमिकता दिई प्रहरी महानिरीक्षकबाट छनौट गरिनेछ। प्रशासन तर्फका बाँकी ५ जना कुनैपनि मिसन नगएका (Individual police officer (IPOs) वा FPU) प्रहरी निरीक्षकहरू मध्ये ज्येष्ठता अनुसार सिफारिस समितिले छनौट गर्ने छ।[३]

(घ) FPU Contingent मा खटिने सम्पूर्ण प्रशासन तथा प्राविधिक प्रहरी अधिकृत समेत जेष्ठताका आधारमा अनुसूची १ (क) र (ख) बमोजिम छनौट गरिने छ।

(४) **जुनियर प्रहरी अधिकृत (प्र.ना.नि);** प्रशासन तर्फका प्र.ना.नि.हरू १३ (तेह्र) जना एक पटक पनि कुनै पनि यु.एन. मिसन नगएका र सो दर्जामा जेष्ठ रहेका मध्येबाट छनौट गरी खटाईनेछ।[४]

(५) **महिला प्रहरी:** प्रशासन र प्राविधिक तर्फ समेत गरी FPU मिसनका लागि महिला प्रहरी कर्मचारीहरुको छनौट गर्दा कम्तिमा खटिने संख्याको कुल बीस प्रतिशत महिला प्रहरी कर्मचारीहरुको अनिवार्य छनौट गरिनेछ।

**८. सञ्चार तर्फ:** संचार तर्फको कोटा संख्या ४ मा प्र.स.नि. देखि प्र.ना.उ. सम्म (इन्जिनियर/ओभरसियर/सव ओभरसियर) १ कोटामा अनिवार्य सञ्चार प्राविधिक टेक्निसियन र बाँकी ३ कोटामा टेक्निसियन वा अपरेटरमध्येका प्र.क. हरुलाई कोटा छुट्याईनेछ। सञ्चार तर्फका प्रहरी कर्मचारीहरुलाई प्रशासन तर्फको FPU छनौटमा सहभागी गराइने छैन।

**९. सवारी चालकको हकमा: (१)** सबै प्रहरी ईकाईहरुबाट जेष्टताका आधारमा सवारी चालक (हेभी र लाईट) प्रहरी कर्मचारीहरुको नामावली छनौट गरी बाह्य तथा प्रयोगात्मक परीक्षाका आधारमा सिफारीस समितिद्वारा छनौट गरिने छ ।

(२) जु.प्र.अ.देखि प्र.नि. दर्जा सम्मका प्रहरी कर्मचारीलाई चालकको कोटामा मिलान हुने गरी Motor Transport Officers (MTO) छनौट गर्न सकिनेछ। उक्त छनौटमा सवारी महाशाखा तथा मातहत कार्यालयहरूमा सवारी तथा मेन्टिनेन्स व्यवस्थापन सम्बन्धी कार्यमा कार्यरत प्रहरी कर्मचारीहरु सहभागी हुन पाउनेछन्।

(३) सवारी महाशाखा तथा मातहत कार्यालयहरूमा मेकानिक्सको रूपमा लगातार २ वर्षदेखि कार्यरत प्र.ज.देखि प्र.ना.नि. दर्जासम्मका प्रहरी कर्मचारीहरु FPU मा छनौट हुने छन्।

(४) ठूलो सवारी अन्तर्गत पर्ने बख्तरबन्द गाडी (ए.पि.सि., एम.पि.भि).को चालक र हतियार सञ्चालक छनौट गर्दा कार्यरत Formed Police Unit (FPU) लाई आवश्यक पर्ने जनशक्ति जेष्ठताको आधारमा छनौट गरिने छ।

---

[२] मिति २०७७/०६/०४ गतेको सचिवस्तरीय निर्णयबाट संसोधित

[३] मिति २०७७/०६/०४ गतेको सचिवस्तरीय निर्णयबाट संसोधित

[४] मिति २०७७/०६/०४ गतेको सचिवस्तरीय निर्णयबाट संसोधित

९ क. **प्राबिधिक प्रहरी कर्मचारीहरु सम्बन्धी बिशेष व्यवस्था :** यस मापदण्डको अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्राबिधिक तर्फका प्रहरी कर्मचारीको हकमा सञ्चार अपरेटर र सवारी चालकहरू बाहेक अन्य प्राबिधिक प्रहरी कर्मचारीहरु एक पटक पनि मिसन नगएका प्रहरी कर्मचारी उपलब्ध नभएमा मिसन बाट फिर्ता आएको बढि अवधी भएका मध्येबाट ज्येष्ठता अनुसार खटाउन सकिनेछ ।[५]

१० **उजूरी सम्बन्धी व्यवस्था:-** FPU छनौट समितिबाट प्रकाशित परीक्षाको नतिजामा चित्त नबुझेमा तीन दिन भित्र छनौट समितिका अध्यक्ष समक्ष लिखित निवेदन दिनु पर्नेछ र यसरी पर्न आएको निवेदन उपर आवश्यक छानविन गरी तीन दिन भित्र निर्णय गरी सक्नुपर्नेछ ।

११ **FPU Contingent मा प्रहरी जनशक्तिको व्यवस्था:** (१) वरियताका आधारमा मुख्य र रिजर्भ उम्मेदवारको चयन हुनेछ ।

(२) कुल जनशक्ति १८० को १०% प्रतिशत (प्र.का.स. देखि प्र.ना.नि. दर्जा) प्रहरी कर्मचारीहरूलाई रिजर्भ Elements का रुपमा छनौट गरिनेछ । यसरी रिजर्भ Elements को रूपमा छनौट भएका प्र.क.हरु लाई अर्को लगत्तै जाने मिसनमा स्वत: छनौट भएको मानिनेछ । FPU छनौट पश्चात खटिनुपूर्व कुनै कारणवश मुख्य उम्मेदवार विभागीय कारबाही एवं कुनै मनासिव व्यक्तिगत, शारीरिक, मानसिक तथा पारिवारीक समस्या भई FPU मा जान नसक्ने भएमा रिजर्भबाट सम्बन्धित विधा र दर्जाबाट स्वत छनौट गरिने छ ।

(३) FPU मा छनौट भएका प्रहरी कर्मचारीहरुको अन्तिम नामावली सम्बन्धित कार्यरत स्थान, प्र.प्र.का.मानव अधिकार शाखा, उजुरी छानबिन शाखा, कानुन शाखा र महिला तथा बालबालिका सेवा निर्देशनालयमा पठाई उल्लेखित शाखा र निर्देशनालयबाट विभागीय तथा घरेलु हिंसा/लैङ्गिक हिंसा सम्बन्धी कारबाही नभएको व्यहोरा प्रमाणित भएका प्रहरी कर्मचारीहरुलाई मात्र UN FPU Mission मा खटाई पठाइनेछ ।

(४) मिसनमा खटिने प्र.क.हरूले छनौट पश्चात पदोन्नत भए छनौट भएकै दर्जाको ओहदा वा हैसियत अनुसार साविककै सुविधा बमोजिमको जिम्मेवारी निभाउनु पर्नेछ ।

१२ **Early End of Mission सम्बन्धि व्यवस्था:** FPU मिसनमा कार्यरत प्रहरी कर्मचारीहरुले निम्न अवस्थामा बाहेक आफूखुसी मिसनबाट सेवा अन्त्य (Early End of Mission) गरी फिर्ता भएमा कसूर अनुसार विभागीय कारबाही हुने र सो को अलवा फिर्ता भएको मितिबाट ५ बर्ष सम्म कुनै पनि Mission मा सहभागी हुन पाउने छैन ।

(क) निज बिरामी भई चिकित्सकले मिसनबाट फिर्ताको लागि सिफारिस गरेमा ।

(ख) परिवारको सदस्य सिकिस्त बिरामी वा मृत्यू भएमा ।

(ग) संगठनको आवश्यकता भई फिर्ता बोलाएको अवस्थामा ।

१३ **स्वदेश फिर्ता हुँदा लाग्ने खर्चको व्यबस्थापन:** मिसनबाट कारवाहीको सिलसिलामा स्वदेश फिर्ता भएका प्र.क.आफ्नै खर्चमा स्वदेश फिर्ता हुनुपर्नेछ । यदि उक्त कारबाहीमा परेको व्यक्तिलाई अन्य व्यक्तिको साथ लगाई स्वदेश फिर्ता पठाउनु पर्ने भएमा निजको साथमा आउने व्यक्तिको समेत खर्च निज कारबाहीमा पर्ने व्यक्तिले व्यहोर्नु पर्नेछ ।

१४ **Post Mission Orientation सम्बन्धी व्यबस्था:** FPU मिसन पूरा गरी स्वदेश फिर्ता भएका प्रहरी कर्मचारीहरुलाई आवश्यकता अनुसार ३ (तीन) दिनको Post Mission Orientation गराइनेछ

---

[५] मिति २०७७/०६/०४ गतेको सचिवस्तरीय निर्णयबाट संसोधित

१५ **दायित्व :** FPU मिसनमा कार्यरत रहँदाको अवस्थामा प्रहरी कर्मचारीले प्राप्त गर्ने TSA (Troops Subsistence Allowance) वापतको जम्मा रकमबाट दश प्रतिशत रकम प्रहरी कल्याण कोषमा जम्मा गर्ने दायित्व नेपाल प्रहरीबाट FPU मिसनमा खटिई जाने सम्पूर्ण प्रहरी कर्मचारीहरुको हुनेछ ।

१६ **लत्ता कपडा तथा अन्य सुविधा सम्वन्धि व्यवस्था :** मिसनमा खटिने प्रहरी कर्मचारीलाई प्रहरी प्रधान कार्यालय कल्याण महाशाखा र प्रवन्ध निर्देशनालयबाट उपलव्ध गराईने थप सुविधाहरू अनुसूची २ मा भए बमोजिम हुनेछ ।

१७ **FPU Contingent को बनावट र खटिने दर्जागत जनशक्ति:** FPU Contingent को बनौट र खटिने दर्जागत जनशक्ति अनुसूची १, १ (क) र (ख) बमोजिम हुनेछ ।

## परिच्छेद – ३

## बिविध

१८ **मापदण्डको संशोधन:** - यस मापदण्डमा आवश्यकता अनुसार संशोधन गर्न सकिने छ । प्रहरी प्रधान कार्यालयबाट गठित बोर्डबाट संशोधनका लागि पेस भएका बुँदाहरू सिफारिस सहित स्वीकृतिका लागि नेपाल सरकार गृह मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ । तर, यस मापदण्डको भावनाको प्रतिकुल नहुने गरी प्रहरी महानिरीक्षकबाट कुनै बाधा अड्काउ फुकाउन वा आदेश वा निर्देशन वा परिपत्र गर्न बाधा पुर्याएको मानिने छैन ।

१९ **मापदण्डको मान्यता:**- यस मापदण्डमा लेखिएको कुनै बुँदा प्रचलित नेपाल कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

# FPU Contingent को संरचना

१. FPU Contingent संरचनामा देहायको तालिका बमोजिम हुनेछ ।

२.FPU Contingent संरचनमा ४ वटा सेनामुख र क्याम्प सुरक्षा समूह रहनेछ । प्रत्येक सेनामुखको Commander मा प्रहरी निरीक्षक रहनेछन् ।

## FPU Contingent को संरचना




**नोट :** संयुक्त राष्ट्र संघ र नेपाल प्रहरीबीच हुने सम्झौता अनुरुप उपरोक्त ढाँचामा फेरबदल हुन सक्नेछ

अनुसूची १ (क)

<table>
<tr><th colspan="12">FPU Darfur Mission का लागि छनौट गरिने प्र.क.हरुको दर्जागत जनशक्ति</th></tr>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2" colspan="2">कार्यालयको नाम</th><th colspan="9">दर्जागत संख्या</th></tr>
<tr><th>प्र.उ.</th><th>प्र.ना.उ.</th><th>प्र.नि.</th><th>प्र.ना.नि</th><th>प्र.स.नि.</th><th>प्र.ह.</th><th>प्र.ज.</th><th>प्र.का.स</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td colspan="2">प्रशासन तर्फ</td><td>१</td><td>२</td><td>६</td><td>१३</td><td>११</td><td>४२</td><td>५८</td><td>६</td><td>१३९</td></tr>
<tr><td>२</td><td colspan="2">सूचीकार</td><td></td><td></td><td></td><td colspan="5">१</td><td>१</td></tr>
<tr><td rowspan="9">३</td><td rowspan="9">प्राविधिक तर्फ</td><td>बिगुले</td><td></td><td></td><td></td><td colspan="4">१</td><td></td><td>१</td></tr>
<tr><td>कम्प्युटर निर्देशनालय</td><td></td><td colspan="2">१</td><td colspan="2">१</td><td colspan="2">१</td><td></td><td>३</td></tr>
<tr><td>प्लम्बर , प्राविधिक निर्देशनालय</td><td></td><td></td><td></td><td colspan="4">१</td><td></td><td>१</td></tr>
<tr><td>ईलेक्ट्रिसियन प्राविधिक निर्देशनालय</td><td></td><td></td><td></td><td colspan="4">२</td><td></td><td>२</td></tr>
<tr><td>चालक, का.वि.सवारी महाशाखा</td><td></td><td></td><td></td><td colspan="2">८</td><td colspan="2">९</td><td></td><td>१७</td></tr>
<tr><td>मेकानिक्स, का.वि.सवारी महाशाखा</td><td></td><td></td><td></td><td colspan="4">३</td><td></td><td>३</td></tr>
<tr><td>संचार निर्देशनालय</td><td></td><td colspan="6">४</td><td></td><td>४</td></tr>
<tr><td>आर्मर शाखा (का.बि.)</td><td></td><td></td><td></td><td colspan="4">१</td><td></td><td>१</td></tr>
<tr><td>नेपाल प्रहरी अस्पताल</td><td></td><td colspan="2">२</td><td colspan="4">६</td><td></td><td>८</td></tr>
<tr><td></td><td colspan="2">जम्मा</td><td>१</td><td>४</td><td>७</td><td colspan="2">३७</td><td colspan="2">१२५</td><td>६</td><td>१८०</td></tr>
</table>

**अनुसूची १ (ख)**

FPU डार्फर **Mission** को

कार्य प्रकृति अनुरुपको जनशक्ति वितरण

| | | |
|---|---|---|
| Contingent कमाण्डर | : | १ जना |
| प्र.ना.उ (कार्य र प्रशासन ) | : | २ जना |
| ४ Platoon | : | १३१ जना (सूचीकार १ समेत) |
| Medical Group | : | ८ जना (२ जना चिकित्सक, ३ जना नर्स / ३ प्यारामेडिक्स) |
| Logistics/MTO | : | १ जना |
| सवारी चालक र मेकानिक्स | : | २० जना |
| कम्प्युटर प्राविधिक | : | ३ जना |
| संचार | : | ४ जना |
| हा.ह.मर्मत, विद्युत मर्मत, प्लम्बर | : | ४ जना |
| प्र.का.स. | : | ६ जना (खाना पकाउने ५, हजाम १) |
| कुल जम्मा | : | १८० जना |

FPU डार्फर **Mission** मा कार्य प्रकृतिको आधारमा १८० जनाको कोटा वितरण

| | |
|---|---|
| प्रशासन तर्फ | १३९ जना (प्र.उ.१, प्र.ना.उ.२, प्र.नि.६, प्र.ना.नि.१३, प्र.स.नि.११, प्र.ह.४२, प्र.ज.५८,प्र.का.स.६) |
| सूचीकार | १ जना |
| प्राविधिक तर्फ | ४० जना (सवारी चालक र मेकानिक्स २०, कम्प्युटर ३ (१ सि.प्र.अ.समेत), संचार ४, प्लम्वर १, इलेक्ट्रिसियन २, आर्मर १, मेडिकल ८, बिगुले १) |

सञ्चार तर्फ प्र.स.नि.देखी प्र.ना.उ. सम्म (इन्जिनियर/ओभरसियर/सव ओभरसियर) १ कोटामा अनिवार्य संचार प्राविधिक टेक्निसियन र बाँकी ३ कोटामा टेक्निसियन वा अपरेटर मध्येका प्र.क. हरुलाई कोटा छुट्याई संचार तर्फका प्र.क.हरुलाई प्रशासन तर्फको FPU छनौट परीक्षामा सहभागी गराइने छैन ।

अनुसूची २

(दफा १८ सँग सम्बन्धित)

अनुसूची २

**लत्ता कपडा तथा अन्य सुविधा सम्वन्धी व्यवस्था :**

**(क) कल्याण महाशाखा:**

| सि.नं. | सामानको विवरण | परिमाण |
|---|---|---|
| १ | खोप वापतको रकम | खर्च अनुसार |
| २ | माग बमोजिम नगद ऋण सुबिधा | १००,००० (एक लाख) |
| ३ | सिलाई ज्याला | नियामानुसार |
| ४ | ट्र्याकसुट | २ जोर |
| ५ | स्पोर्ट सुज | २ जोर |
| ६ | झोला | २ थान |
| ७ | Evacuation Bag | १ थान |
| ८ | टिसर्ट | ४ वटा |
| ९ | आर्म व्याज | ४ थान |

**(ख) प्रबन्ध निर्देशनालय:**

| सि.नं. | सामानको विवरण | परिमाण |
|---|---|---|
| १ | चुस्ता | ३ जोर |
| २ | चुस्ताको टिसर्ट | १ थान |
| ३ | बुट | २ जोर |
| ४ | झुल | १ थान |
| ५ | म्याट्रेस | १ थान |
| ६ | पानी वर्षादी | १ थान |
| ७ | रुकस्याक झोला | १ थान |
| ८ | स्लिपिङ व्याग | १ थान |

नेपाल सरकार

# गृह मन्त्रालय

**प्रहरी कर्मचारी प्रशासन शाखा**

नेपाल सरकार
गृह मन्त्रालय

**पत्र संख्याः-** ०७७/०७८
**प्राप्त पत्र संख्या र मितिः-**
**च.नं.:-** प्र.प्र.टी.२४/

**सिंहदरवार,**
**काठमाडौं, नेपाल।**
मितिः २०७७।०६।०४

बिषयः मापदण्ड संशोधन सम्बन्धमा।

श्री प्रहरी प्रधान कार्यालय,
नक्साल काठमाडौं।

प्रस्तुत विषयमा तहाँ कार्यालयको च.नं. ३०६ मिति २०७७।०६।०२ को पत्र, सो सम्बन्धमा UN Formed Police Unit (FPU) छनौट मापदण्ड, २०७७ बमोजिमको छनौट प्रक्रियालाई थप व्यवस्थित, निश्पक्ष एवं पारदर्शी, बनाउन (FPU) छनौट (पहिलो संशोधन) मापदण्ड, २०७७ मा उल्लेखित आधार र औचित्य समेतको आधारमा छनौट मापदण्डको संशोधित व्यवस्था स्वीकृत गर्ने भनी मिति २०७७।०६।०४ को (सचिवस्तरीय) निर्णयबाट स्वीकृत भएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

(भूपेन्द्र सापकोटा)
उपसचिव

प्र.न.नि को सचिवालय
प्रहरी प्रधान कार्यालय
दर्ता न. ३५०
दर्ता मिति 2077/06/05